# भूमे गाउँपालिका भित्रका प्रधानाध्यापकहरुको बैठक प्रतिवेदन

# २०७६/०१/२४




<u>प्रतिवेदक</u>

**डायमण पुन(शाखा प्रमुख)**

**शिक्षा,युवा तथा खेलकुद शाखा**

# भूमे गाउँपालिका भित्रका प्रधानाध्यापकहरुको बैठक २०७६/०१/२४

## १.परिचय

गाउँपालिका भित्र सञ्चालित बिभिन्न क्रियाकलाप तथा शिक्षासँग सम्बन्धित कार्यक्रमहरुमा एकरुपता कायम गर्ने उद्देश्यले गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकरुको बैठकको आयोजना गरिएको हो ।उक्त बैठकले विद्यालय स्तरमा सञ्चालन हुने बिविध क्रियाकलापहरुको कार्यान्वयनमा एकरुपता कायम भई प्रभावकारिता समेत बृद्धि हुने अपेक्षा गरिएको छ ।आगामी दिनहरुमा शैक्षिक गतिविधीहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सबै प्रधानाध्याकहरुलाई जनकारी गराई पारदर्शिता र जवाफदेहिता हासिल गर्नको लागि यो कार्यक्रमको आयोजना गरिएको हो ।

## २.प्र.अ. बैठक कार्यक्रमको उद्देश्य

यस भूमे गाउँपालिकाका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई एकै ठाउँमा जम्मा गरी बिभिन्न शैक्षिक कार्यक्रहरु तथा गाउँपालिकाको शैक्षिक सत्र २०७६ को शैक्षिक क्यालेण्डरको बारेमा जानकारी गराउने तथा विद्यालय स्तरमा सञ्चालन गरिने बिभिन्न कार्यक्रमहरुको प्रभावकारिता र जवाफदेहिता बढाउनुका साथै निम्न उद्देश्यहरु रहेका छन।

१. स्थानिय तथा विद्यालय स्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूकोबारेमा सरोकारवालालाई सूचित गर्ने ।
२. विद्यालय स्तरमा सञ्चालन गरिने बिभिन्न क्रियाकलापमा जिम्मेवार र जवाफदेही बनाउने ।
३. विद्यालय तहमा सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरुलाई एकरुपता कायम गर्ने ।

## ३. प्रधानाध्यापकहरुको बैठक सञ्चालन भएको स्थान

भूमे गाउँ कार्यपालिकाको कार्यालय खावाङबगरमा रहेको गाउँपालिकाको सभा हलमा मिति २०७६ साल बैशाख २४ गतेका दिन भूमे गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री खिमबहादुर रोकायको अध्यक्षता तथा भूमे गाउँपालिकाका अध्यक्ष श्री रामसुर बुढा मगरको बिशेष उपस्थितिमा उक्त प्रधानाध्यापकहरुको बैठक सञ्चालन भएको थियो । उक्त बैठकमा सबै विद्यालयका प्र.अ. तथा प्रतिनिधिहरुबाट शैक्षिक सत्र २०७६ को आफ्नो विद्यालयको विद्यार्थी भर्ना अभियान, विद्यार्थी भर्नाको अवस्था, पाठ्यपुस्तक बितरणको अवस्था, शैक्षिक उपलब्धी लगायतका सम्पूर्ण गतिविधि समेटिएको रिपोर्टिङ गर्न लगाईएको थियो ।

## ४. अभिमुखीकरण कार्यक्रममा भाग लिने प्रधानाध्यापकहरुको बिवरण

| क्र.सं. | सहभागीको नाम थर | पद | विद्यालयको नाम |
|---|---|---|---|
| १ | खडानन्द पुन | प्र.अ. | चैते छहरा आधारभूत विद्यालय पेदी धर्मशाला |
| २ | मानबहादुर विष्ट | प्र.अ | आधारभूत विद्यालय दुवाचौर |
| ३ | तेजबहादुर खड्का | प्र.अ | आधारभूत विद्यालय सिमचौर |
| ४ | शेरबहादुर खड्का | प्र.अ | नेपाल राष्ट्रिय मावि चुनवाङ |
| ५ | गणेशकुमार पुन | प्र.अ | सन्नी आधारभूत विद्यालय गलमछिन्ने |
| ६ | कमला पुन | प्र.अ | बालविकास आधारभूत विद्यालय गोठीबाङ |
| ७ | अमरबहादुर रोका | प्र.अ | मदनस्मृति आधारभूत विद्यालय डाँडागाउँ |
| ८ | गोबर्धन बुढा | प्र.अ | त्रिभुवन आधारभूत विद्यालय खाबाङ |
| ९ | चन्द्रबहादुर बुढा | प्र.अ | जनजागृति माध्यमिक विद्यालय महत |
| १० | प्रकाश बुढा | शिक्षक | आधारभूत विद्यालय लाबाङ |
| ११ | दलबहादुर कार्की | प्र.अ | जनचेतना आधारभूत विद्यालय खाम्दै |
| १२ | देवीप्रकाश पुन | प्र.अ | बराहा आधारभूत विद्यालय स्याला |
| १३ | टेकबहादुर श्रेष्ठ | प्र.अ | नमूना आधारभूत विद्यालय मोराबाङ |
| १४ | झुलप्रसाद गुरुङ | प्र.अ | शहिद शुक्र माध्यमिक विद्यालय सिमा |
| १५ | रामलाल बुढा | प्र.अ | बालविकास आधारभूत विद्यालय जङ्गाडाँडा |
| १६ | कमला बुढा | शिक्षक | टक्सार आधारभूत विद्यालय झुम्लाबाङ |
| १७ | विष्णुप्रसाद शर्मा | प्र.अ | शहिद बासुस्मृति आधारभूत विद्यालय क्याङसी |

| | | | |
|---|---|---|---|
| १८ | धन कुमार घर्ती | शिक्षक | भूमी आधारभूत विद्यालय रुजिखोला |
| १९ | मदन शर्मा | प्र.अ | त्रिवेणी माध्यमिक विद्यालय काँक्री |
| २० | चिन्तामणी गौतम | शिक्षक | हिमालय आधारभूत विद्यालय गावाङ |
| २१ | रामबहादुर पुन | प्र.अ. | सिद्धचौर माध्यमिक विद्यालय लुकुम |
| २२ | प्रभास ओली | शिक्षक | बालज्योति आधारभूत विद्यालय दहबाङ |
| २३ | लक्ष्मी शर्मा | प्र.अ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय कोर्जा |
| २४ | किरण शर्मा | प्र.अ | सरस्वती आधारभूत विद्यालय सिमखोला |
| २५ | संगम रोका | शिक्षक | जनज्योति आधारभूत विद्यालय धर्मशाला |
| २६ | लिलाबहादुर पुन | प्र.अ | बाल जनजागरण आधारभूत विद्यालय रिसालचौर |
| २७ | तेजेन्द्र श्रेष्ठ | शिक्षक | छेलोफाल्ने आधारभूत विद्यालय गुनाम |
| २८ | प्रेमबहादुर सुनार | प्र.अ | जनशक्ति माध्यमिक विद्यालय काँडा |
| २९ | तिलक प्रसाद आचार्य | प्र.अ. | जनता आधारभूत विद्यालय सेरावाङ |
| ३० | विष्णु खत्री | प्र.अ | जनविकास आधारभूत विद्यालय तल्लोसाकिम |
| ३१ | गंगाराम शर्मा | प्र.अ. | आधारभूत विद्यालय डालीवाङ |
| ३२ | दिल बहादुर बुढा | प्र.अ. | माध्यमिक विद्यालय कुचिवाङ |
| ३३ | गोमा पुन रोका | प्र.अ | जनशक्ति आधारभूत विद्यालय झिम्का |

## ५. प्रधानाध्यापकहरुको अभिमुखीकरण कार्यक्रमका केहि झलकहरु




भूमे दर्शन


भूमे दर्शन



## ६. प्रतिवेदनको तयारी

भूमे गाउँपालिकाको शिक्षा तर्फको वजेट कार्यन्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखाले तयार गरी पेश गरेका बिभिन्न क्रियाकलापहरु मध्य भूमे गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठक सञ्चालन गर्ने र गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा सञ्चालन गरिने विभिन्न क्रियाकलापहरुलाई एकरुपता कायम गर्ने उद्देश्यले मिति २०७६/०१/२४ गते सञ्चालन गरिएको उक्त प्रधानाध्यापकहरुको बैठकमा भए गरेका क्रियाकलापहरुलाई समेटी यो प्रतिवेदन तयार पारिएको हो ।यो प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखाका शाखा प्रमुख श्री डायमण पुनद्वारा तयार पारिएको हो ।

## ७. सुझावहरु

भूमे गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठक सञ्चालन पश्चात सम्बन्धित क्रियाकलापहरु र अवस्थाको अध्ययनको आधारमा देहाय बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ

- यस प्रकारको प्रधानाध्यापकहरुको बैठक सञ्चालन गर्न बजेटको व्यवस्थापन गरी बैठक संख्या बढाउनु पर्ने ।
- आगामी दिनमा उक्त बैठकमा जनप्रतिनिधिहरुलाई समेत सहभागी गराउनु पर्ने ।
- कार्यक्रम सञ्चालनका लागि आगामी दिनमा बजेट बृद्धि गर्नुपर्ने ।
- कार्यक्रम सञ्चालन पश्चात भए गरेका निर्णयहरु कार्यन्वयनको अवस्थाको बारेमा नियमित अनुगमन गर्नु पर्ने ।